


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १७३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असार २२ गते मंगलबार ❑ 6 July 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## पर्यटन पुनरुत्थान कार्यक्रम ल्याउन प्रधानमन्त्रीलाई ज्ञापन पत्र

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ असार**

पर्यटन व्यवसायको पुनरुत्थानका लागि पोखराका पर्यटन व्यवसायीले जिल्ला प्रशासन कार्यालय कास्कीमार्फत् प्रधानमन्त्रीलाई ज्ञापन पत्र पठाएका छन् ।



पर्यटन व्यवसायको पुनरुत्थानका लागि पर्यटन मैत्री कार्यक्रम ल्याउनुपर्ने माग गर्दै पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराईको नेतृत्वमा गएका पर्यटन व्यवसायीको एक टोलीले प्रमुख जिल्ला अधिकारीमार्फत् प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाएका हुन् । यसअघि परिषद्सँग आवद्ध संघसंस्थाले सोमबार "नो भ्याक्सीन, नो टुरिज्म" भन्ने प्लेकार्डसहित दुई घण्टा जिल्ला प्रशासन कार्यालय अगाडि धर्ना दिएका थिए । परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराई प्रमुख जिल्ला अधिकारी मार्फत् प्रधानमन्त्रीलाई ध्यानाकर्षण गराएका हुन् ।

नेपालको प्रमुख पर्यटकीय गन्तव्यको रुपमा प्रख्यात पोखरा र गण्डकी प्रदेशको पर्यटन व्यवसायले लामोसमयदेखि कोभिड– १९ को महामारीले क्षति व्यहोर्नु परेकाका कारण पर्यटनमा भएको लगानी र रोजगारलाई बचाई राख्न सरकारलई पर्यटन मैत्री कार्यक्रम ल्याउन आग्रह गरिएको ज्ञापन पत्रमा उल्लेख छ। ज्ञापन पत्रमा सरकारबाट ल्याइएका व्यवसाय पुनरुत्थान कार्यक्रमको कार्यान्वयन पक्ष निकै फितलो भएकाले व्यवसायीहरु पलायन र निरुत्साहीत हुने क्रम बढ्दै गइरहेको उल्लेख गर्दै निजी तथा बैंक वित्तिय संस्थाहरुको ठूलो लगानी भएको पर्यटन उद्योग /व्यवसायको पुनरुत्थानका लागी आवश्यक व्यवस्था गर्नु अपरिहार्य आवश्यकता भएको औल्याएको छ। त्यस्तै पर्यटन व्यवसायलगायत अन्य व्यवसायलाई चलायमान बनाउनका लागि सर्वप्रथम सरकारले कोभिड–१९ विरुद्धको खोप अनिवार्य रुपमा उपलव्ध गराउन ज्ञापन पत्रममा माग गरेको छ। अग्रपङ्क्तिमा रहेर कार्य गर्ने पर्यटन मजदूर एवम् व्यवसायीहरु जोखिममा रहने हुँदा खोप नलगाएसम्म व्यवसाय सञ्चालन गर्न नसकिने उल्लेख गर्दै ज्ञापन पत्रममा विश्व पर्यटन बजारमा सकारात्मक प्रचार गर्न सर्वप्रथम खोप सुनिश्चिता हुनुपर्नेमा जोड दिएको छ । यसैगरी पर्यटन उद्योग/व्यवसायलाई जोगाउन र पुनरुत्थान गर्नका लागि बजेटमार्फत ल्याएका पुर्नकर्जा कोष र व्यवसाय निरन्तरता कोषको कार्यान्वयन पक्ष सुस्त, झन्झटिलो र बैक वित्तिय संस्थाहरुका कडा सर्तका कारण केही व्यवसायीबाहेक अधिकांशले सुविधा उपभोग गर्न नपाएकाले त्यसको सहजताका लागि ज्ञापन पत्रममा आग्रह गरेको छ । व्यवसाय ठप्प हुँदा बैक तथा वित्तिय संस्थाबाट लिएको साँवा ब्याज बुझाउन कठिनाई भएकाले कर्जाको भुक्तानी तालिकालाई पुर्नतालीकिकरण गर्नुपर्ने कुरालाई पनि अवगत गराइएको छ । नेपाल राष्ट्र बैकले ल्याउने मौद्रिक नीतिमा आगामी आर्थिक बर्ष २०७८-०७९ मा पर्यटनलाई प्राथमिकता प्राप्त क्षेत्रको रुपमा सम्बोद्धन गरी हरेक बैकले कूल लगानीको ५ प्रतिशत कर्जा सहुलियत व्याजदरमा पर्यटन उद्योगमा अनिवार्य लगानी गर्ने व्यवस्था मिलाउन पनि ज्ञापन पत्रममा उल्लेख

बाँकी अन्तिम पृष्ठमा ▶▶

## निजी क्षेत्रसँग सहकार्य : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ असार**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले सरकार निजी क्षेत्रसँग सहकार्य गरेर अगाडि बढ्न खोजेको बताएका छन् ।

प्रदेश नीति तथा योजना आयोगले मौद्रिक नीतिका बारेमा आइतबार साँझ गरेको छलफलमा उनले उनले यसका लागि कस्तो वातावरण चाहिन्छ बसेर छलफल गर्न आफू तयार रहेको उनले बताए। उनले भने, 'हामीले दिएका सुझावलाई पक्कै पनि राष्ट्र बैंकले अबलम्वन गर्छ ।' उनले प्रदेशको वस्तुस्थिति अनुसारको मौद्रिक नीति आओस् भनेर व्यवसायीहरुसँग छलफल गरिएको बताए । उनले नागरिकको स्वास्थ्यलाई प्राथमिकतामा राखेर प्रदेश सरकार अगाडि बढेको भनाइ राखे । उनले भने, 'पहिला त हामी बाँच्नुपर्‍यो, स्वास्थ्यलाई प्राथमिकतामा राखेर प्रदेश अगाडि बढेको छ।' सरकारको मापदण्डमा रहेर निजी क्षेत्रको सहयोगमा प्रदेश सरकार खोप किन्न तयार रहेको भन्दै उनले यसका लागि सम्पर्क स्थापित गर्न व्यवसायीहरुको सहयोग जरुरी रहेको उनले बताए।



बिना विभागीय मन्त्री हरिशरण आचार्यले राज्य र निजी क्षेत्रको सम्बन्ध प्रष्ट पारेर अगाडि बढेमा मात्र समृद्धि सम्भव भएको भनाइ राखे । नीति तथा योजना आयोग उपाध्यक्ष डा. रघुराज काफ्लेले संघीय प्रणालीमा आएपछि पनि मौद्रिक नीतिको ढाँचामा परिवर्तन हुन नसकेको बताए। उनले भने, 'राज्यको पुनर्संरचना अनुसारको नीति आउनुपर्छ। नागरिकका अपेक्षा बढेका छन्, देशभरका लागि एउटै खालको नीति बनाइएको छ । तर प्रदेशहरुका आआफ्नै विशेषता छन् ।' उनले प्रदेशको प्राथमिकता र आवश्यकता अनुसारको नीति आउनु जरुरी रहेको बताए। रोजगारी बढाउन, आर्थिक सूचक माथि उठाउन प्रदेश सरकारले सुझाव संकलन गरी राष्ट्र बैंकमा आधिकारिक रुपमा लेखी पठाउने उनले बताए । राष्ट्र बैंक पोखराका निर्देशक ईश्वरी भट्टराईले प्रदेशअनुसार ब्याजदर निर्धारण नसकिए पनि प्राथमिकता अनुसार काम गर्न सकिने बताए । उनले भने, 'नेपाल राष्ट्र बैंक ऐनले प्रदेश सरकार चिनेको छैन, प्रदेश सरकार र नेराबैंसँगको सम्बन्ध पहिला प्रष्ट हुनु जरुरी छ।' उनले मुलुकभर १ सय ४८ अर्बको पुनर्कर्जा प्रवाह भएको बताए। पैसाको प्रवाह बढ्दा हुने अवसर आँकलन गरी पुनर्कर्जा प्रदान गरिएको उनको भनाइ थियो। गण्डकीमा १८/१९ अर्ब ऋण प्रवाह भएको उनले बताए।

कार्यक्रममा सहभागी व्यवसायी तथा विज्ञहरुले आगामी आर्थिक वर्षको बजेटको २ तिहाइ हिस्सा आन्तरिक राजस्व र करबाट उठाउने लक्ष्य राख्ने सरकारले व्यवसाय रक्षाका लागि केही पहल नगर्नु दुखदायी रहेको भनाइ राखे। आगामी आवको मौद्रिक नीतिका बारेमा सुझाव संकलन गर्न प्रदेश नीति तथा योजना आयोगले गरेको छलफलमा व्यवसायीहरुले ऋणको किस्ता तथा ब्याज तिर्ने अवधि थप्नुका साथै पुनर्कर्जालाई सहज बनाउन सुझाव दिए । बैंकर तथा उपप्राध्यापक विश्वमोहन अधिकारीले राष्ट्र बैंकले ७ महिना ढिलो गरी पुनर्कर्जा कार्यविधि ल्याए पनि कार्यान्वयनमै समस्य भएको बताए । सरकारले व्यवसायीहरुलाई यस्तै प्याकेज ल्याएर सहयोग गर्नुपर्नेमा पन्छिएको बताए। साना तथा मझौला व्यवसाय, यातायात र पर्यटन क्षेत्रलाई राहत हुनेगरी नीति ल्याउन उनले सुझाव दिए । उनले पुनर्कर्जाको अवधि र सीमामा परिमार्जन गर्न जरुरी रहेको पनि बताए । उनले भने, 'कृषिमा लगानी बढाउनु पर्‍यो । सहुलियत कर्जा कार्यान्वयनमा बैंकहरु तयार भएनन् ।'

उद्यमी सीता गुरुङले चम्किएको व्यवसाय र व्यसायीलाई पुनर्कर्जाका लागि बैंकले बारम्बार ताकेता गर्ने तर साँच्चै चाहिएका र मर्कामा परेकालाई भने बेवास्ता गरेको बताइन् । उनले भनिन्, 'हामीलाई बैंकले लोन लिन आउनुस भनेको छ । जसलाई चाहिएको छ, उसले पाएको छैन । प्रचारवाजी बढी भयो, पहुँच भएको, नातागोताले मात्र पाएको छ । मागेकाले पाएमा उसको व्यवसाय फस्टाउने थियो नि ।' लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष बाबुराम ढकालले आन्तरिक उत्पादन वृद्धि गरी आपुर्ति व्यवस्था सुदृढ गर्ने गरी मौद्रिक नीति आउनुपर्ने बताए । बिलासिताका वस्तुको आयातमा परिमाणात्मक बन्देज गर्नुपर्ने उनको सुझाव छ। उनले भने, 'स्वरोजगारका अवसर सिर्जना गर्नुपर्ने, निषेधाज्ञा अवधिको सबै प्रकारको अल्पकालीन कर्जाको सावाँ ब्याज भुक्तानीको म्याद निषेधाज्ञा पूर्ण रुपले समाप्त भएको ३ महिनाको लागि थप गर्नुपर्छ।'

यातायात व्यवसायी योगेन्द्र केसी राष्ट्रबैंकले पोहोर ल्याएको


बाँकी अन्तिम पृष्ठमा ▶▶

## कांग्रेस नेता कुवंरको काठमाडौंमा उपचारकै क्रममा निधन

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ असार**

नेपाली कांग्रेसका नेता रामजी कुवंरको निधन भएको छ। कोरोना संक्रमित भएका कुंवरको उपचारको क्रममा काठमाडौंको टिचिङ अस्पतालमा सोमबार निधन भएको नेपाली कांग्रेस कास्कीका सभापति कृष्ण केसीले बताए।

कांग्रेस पूर्व आमन्त्रित केन्द्रिय सदस्य, ट्रेड यूनिय कांग्रेसका पूर्व बरिष्ठ उपाध्यक्ष, पोखरा महानगपालिकाका ४ वर्ष अघिको निर्वाचनमा मेयरका प्रत्यासी समेत रहेका कुंवरको कोरोनाको कारण उपचारकै क्रममा उनको निधन भएको सभापति केसीले जनाए।



उनीमा केही समय अघि कोरोना संक्रमण देखा परेसंगै केही दिन घरमै आराम गरेका थिए भने केहि समय पोखराको मेट्रो सिटि अस्पतालमा उपचार पछि थप उपचारको लागि काठमाडौं लगिएको थियो । उनको अन्तिम दाहसंस्कार समेत काठमाडौंमा हुन सक्ने नेता केसीले जनाए। उनका श्रीमती, छोरा र २ छोरी रहेका छन् । उनको निधनको घटनाले नेपाली कांग्रेस निकै दुखी भएको नेता केसीले जनाए।

## एमाले विवाद मिलाउन कार्यदल पुनः सक्रिय

**रासस**
**काठमाडौं, २१ असार**

आन्तरिक विवाद समाधानका लागि गठित नेकपा (एमाले)को कार्यदल पुनः सक्रिय भएको छ।

पार्टीका शीर्ष र दोस्रो तहका नेताबीच भएको अनौपचारिक छलफललाई व्यवस्थितरुपमा सहमतिमा रुपान्तरणका लागि कार्यदलको बैठक शुरु भएको हो । पार्टी अध्यक्ष केपी शर्मा ओली २०७५ जेठ ३ गते अगाडिको साङ्गठनिक स्थितिका आधारमा सञ्चालन गर्न तयार भएपछि सहमतिको वातावरण बनेको हो। सिंहदरबारमा सोमबार बसेको बैठकले हालसम्मका अनौपचारिक छलफल पुनरवलोकन गरेको र पार्टीभित्रै बसेर आन्तरिक समस्या समाधान गर्ने कुरा भएको एमालेका सचिव गोकर्णराज विष्टले जानकारी दिए। कार्यदलको अर्को बैठक मङ्गलबार अपराह्न पुनः बस्नेछ । एमाले केन्द्रीय कमिटीको १३ औं बैठकले नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउने प्रस्तावमा पार्टीका २३ निवर्तमान सांसदबाट गरिएको हस्ताक्षर फिर्ता गर्न आज साँझ ५ बजेसम्म समय दिइएका सन्दर्भमा कार्यदल सक्रिय भएको हो। नयाँ प्रधानमन्त्री चयन प्रक्रिया सफल हुन नसकेपछि गत जेठ ८ गते प्रतिनिधिसभा दोस्रो पटक विघटन भएपछि एमालेको कार्यदल निष्क्रिय भएको थियो।

कार्यदलमा प्रधानमन्त्री एवं एमाले अध्यक्ष ओली पक्षबाट नेता सुवास नेम्वाङ, विष्णुप्रसाद पौडेल, प्रदीपकुमार ज्ञवाली, शंकर पोखरेल, विष्णुप्रसाद रिमाल तथा नेता माधवकुमार नेपाल पक्षबाट डा भीमबहादुर रावल, घनश्याम भुसाल, सुरेन्द्रप्रसाद पाण्डे, विष्ट र रघुजी पन्त हुनुहुन्छ । नेकपा (माओवादी केन्द्र)सँगको २०७५ जेठ ३ गतेको एकतापूर्वको अवस्था उत्पन्न भएपछि एमालेका अध्यक्ष ओलीले गत फागुन २८ गते केन्द्रीय कमिटीको विशेष बैठकबाट भएका निर्णयमा वरिष्ठ नेता झलनाथ खनाल र नेपाल पक्षले असन्तुष्टि जनाउँदै समानान्तर गतिविधि गर्दै आएको थियो।

## नीति योजना आयोग सदस्यमा तनहुँका अधिकारी

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ असार**

गण्डकी प्रदेश नीति तथा योजना आयोगमा तनहुँ म्याग्देका डा. सुवास अधिकारी नियुक्त भएका छन् । आइतबार बसेको मन्त्रिपरिषदको बैठकले उनलाई आयोग सदस्यमा नियुक्त गर्ने निर्णय गरेको हो।

सदस्य अधिकारीलाई आयोगका उपाध्यक्ष डा. रघुराज काफ्लेले सोमबार सपथ ग्रहण गराए । आयोगका अध्यक्ष समेत रहेका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल, शिक्षा, संस्कृति, विज्ञान, प्रविधि तथा सामाजिक विकास मन्त्री कुमार खड्काको उपस्थितिमा उपाध्यक्ष काफ्लेले सपथ गराएका हुन्। सपथमा मुख्य न्यायाधिवक्ता रोहितराज बास्तोला, मन्त्रालयका सचिव लगायत सहभागी थिए



३८ वर्षे अधिकारी युनिभर्सिटी अफ चाइनिज एकेडेमी अफ साइन्सेजबाट वातावरण विज्ञानमा विद्यावारिधि हुन् । उनी भारतको बैंगलोर युनिभर्सिटी भारतबाट माइक्रो बायोलोजीमा स्नातक गरेका छन्।

युनिभर्सिटी अफ चाइनिज एकेडेमी अफ साइन्सेजबाट एक्सलेन्ट इन्टरनेसनल स्टुडेन्ट अवार्ड समेत प्राप्त गरेका छन् । उनीसँग जनप्रिय बहुमुखी क्याम्पस पोखराको माइक्रोबायोलोजी र बायोलोजी विभाग प्रमुखको कार्यानुभव छ । उनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नलमा विज्ञान प्रविधि तथा अन्य विषयहरुमा अनुसन्धानमूलक दर्जनौं लेख प्रकाशन गरेका छन्।

आफ्नो अध्ययनको क्षेत्र अनुसार अनुभवको प्रयोग गर्दै प्रदेशलाई अझ अब्बल बनाउने प्रतिबद्धता उनले जनाएका छन्। आयोगमा असार ५ गते नै उपाध्यक्षमा तनहुँका डा. रघुराज काफ्ले नियुक्त भएका छन् । ३ सदस्यीय आयोगमा १ पद अझै खाली नै छ।



# तामाङको ४९ औं पुण्यतिथिमा पोखरामा श्रद्धाञ्जली सभा

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ असार**

नेपाली फुटवल टिमका पूर्व राष्ट्रिय खेलाडी, सहारा क्लव हङकङका बरिष्ठ उपाध्यक्ष एवं सहारा क्लव पोखराका आजीवन सदस्य बिल तामाङको ४९ औं दिनको पुण्यतिथीमा पोखरामा सोमबार श्रद्धाञ्जली सभा कार्यक्रम सम्पन्न गरिएको छ।

तामाङले खेलकुद र सामाजिक क्षेत्रमा पुराएको योगदानको प्रशंसा गर्दै सोमबार श्रद्धान्जली सभा कार्यक्रम सम्पन्न भएको क्लवले जनाएको छ। राष्ट्रिय खेलकुद परिषदका सदस्य राजेश कुमार गुरुङ, गण्डकी प्रदेश खेलकुद परिषदका सदस्य सचिव तेजबहादुर गुरुङ, जिल्ला खेलकुद विकास समिति कास्कीका अध्यक्ष तोरण बहादुर बानिया, अग्रज पत्रकार नारायण कार्की, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष एकराज गिरी, क्लवका संस्थापक अध्यक्ष बसन्त थकाली, सल्लाहकार सुनिल गुरुङलगायतले खेलाडी तामाङको बारेमा चर्चा गर्दै उनको तष्विरमा पुष्पा गुच्छा अपर्ण गरेका थिए। क्लवका अध्यक्ष केशव बहादुर थापाको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो।

सहारा एकेडेमीका पहिलो फुटवल प्रशिक्षक तामाङले फेन्डस, आरसिटि, जनकपुरचुरोट कारखाना लगायका संस्थाबाट फुटवल खेलेका थिए।

पोखरा संगम टोल निवासी ४६ बर्षीय तामाङ को निधनले सहारा क्लवलाई समेत ठुलो क्षेति पुगेको क्लवले जनाएको छ। एएफसी लाईसेन्सको प्रमाणपत्र लिन स्वदेश आएका तामाङको कोरोनाको कारण निधन भएको थियो।

# पर्यटन ...

छ। व्यवसायीलाई पलायन हुनबाट जोगाउन पर्यटन व्यवसाय निरन्तरता कोष स्थापना गर्नुपर्ने माग राख्दै ज्ञापन पत्रममा पर्यटन उद्योगसँग आवद्ध तथा आश्रित मजदूरहरुको पुनरुत्थान र स्थायित्व प्रदान गर्न र स्वदेशमै जिविकोपार्जन गर्नका लागि आवश्यक पर्ने राहत प्याकेजका साथै पर्यटन मजदूर जीवनरक्षा कोषको स्थापना गरी पुनरुत्थानका कार्यक्रमलाई अगाडि बढाउनुपर्ने उल्लेख छ।

सो अवसरमा पर्यटन बोर्डका सदस्य विप्लप पौडेल, पूर्वसदस्य बासु त्रिपाठी, टिकाराम सापकोटा, आन्तरिक पर्यटन पुनरुत्थान समिति गण्डकीका संयोजक अग्नि कँडेल, परिषद्का पूर्व अध्यक्ष गणेशबहादुर भट्टराई, महिला पर्यटन व्यवसायी मञ्च (ओटेफ)का सल्लाहकार देवका पहारीलगायत पर्यटनसँग सम्बद्ध संघसंस्थाका प्रतिनिधिले पर्यटनका समसामयिक समस्याका बारेमा जानकारी गराएका थिए।

# सञ्चालनमा आयो माथिल्लो तामाकोशी, प्रमद्वारा उद्घाटन

**रासस**
**काठमाडौं, २१ असार**

प्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रिय गौरवको परियोजनाका रुपमा रहेको माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको उद्घाटन गरेका छन्।

प्रधानमन्त्री निवास बालुवाटारमा आयोजित समारोहमा प्रधानमन्त्रीले विद्युतीय माध्यमबाट आयोजनाको उद्घाटन गरेका हुन्। कूल ४५६ मेगावाट क्षमताको सो आयोजनाको पहिलो युनिट आजदेखि सञ्चालनमा आएको छ। आयोजना स्थल गोगर र प्रधानमन्त्री निवास बालुवाटारबीच श्रव्य दृश्यका माध्यमबाट जोडिएको छ। प्रधानमन्त्रीले श्रव्य दृश्यका माध्यमबाट 'क्लिक' गरेपछि आयोजनाको पहिलो युनिट सञ्चालनमा आएको छ। आयोजनामा छ वटा युनिट छन्। नेपालको जलविद्युत् विकासको इतिहासमा नयाँ कोशेढुंगासमेत कायम भएको छ। स्वदेशी लगानीको हालसम्मकै सबैभन्दा ठूलो आयोजना निर्माण शुरु भएको झण्डै ११ वर्षपछि सम्पन्न भएको हो। प्राकृतिक विपद् तथा अन्य कारणले गर्दा आयोजना ढिलाइ हुन पुगेको हो। आज एउटा युनिट सञ्चालनमा आएको छ भने अन्य पाँच वटा युनिट क्रमशः सञ्चालनमा ल्याउने तयारी गरिएको छ। आयोजनाबाट उत्पादित विद्युत् विद्युतगृह रहेको दोलखाको गोगरदेखि खिम्तीसम्मको कूल ४७.२ किलोमिटर लामो २२० केभी क्षमताको प्रसारण लाइनमार्फत जोडिएको छ। आयोजनाले शनिबार मात्रै ढल्केबरदेखि न्यू खिम्ती सवस्टेशनबीचको लाइन चार्ज गरेको थियो। आयोजनाबाट उत्पादित बिजुली विद्युतगृह रहेको गोगरबाट न्यू खिम्ती सवस्टेशन हुँदै ढल्केबर पुग्नेछ। ढल्केबर सवस्टेशनबाट राष्ट्रियप्रसारण प्रणालीमा जोडिन्छ। माथिल्लो तामाकोशीको विद्युत् गृहबाट आएको २२० केभी क्षमताको प्रसारण लाइनलाई न्यू खिम्तीमा रहेको सवस्टेशनमा जोडिएको छ।

स्वदेशी लगानीको ठूलो आयोजना निर्माण सम्पन्न हुन लामो समय लाग्दा अनेकन आशङ्का पैदा भएका थिए। सरकारले सबै खालका साधन र स्रोत उपलब्ध गराएको भए पनि प्राकृतिक विपत्ति, कोरोनालगायत कारण पछाडि धकेलिँदै आएको थियो। आयोजनाको उद्घाटन भएपछि स्वदेशी लगानीमा नै ठूला परियोजना निर्माण गर्न सकिन्छ भन्ने आत्मविश्वाससमेत पैदा गरेको छ। शुरुआती लागत रु ३५ अर्ब रहेको भए पनि अमेरिकी डलरको मूल्यमा आएको उतारचढाव, ब्याजलगायतका कारण भने बढेर झण्डै रु ८० अर्बको हाराहारी पुगेको छ।

# निजी ...

मौद्रिक नीति यातायात व्यवसायीका लागि उपयुक्त नभएको बताए। उनले भने, 'राष्ट्र बैंकको नीति बैंकहरुले किन नमानेका हुन् ? हामीले ऋण तिर्दैनौं भनेका छैनौं। हामी घर न घाटका भएका छौं। ऋणको अवधि बढाइदेऊ मात्र भनेको हो, सुन्ने कसैले होइन। उनले व्यवसायीहरु मारमा परिरहँदा बैंक तथा वित्तीय संस्थाको फाइदा नघट्नु आश्यर्चजनक भएको भनाइ राखे। उनले भने, 'हामीलाई कोरोनाको भ्याक्सिन भन्दा पनि ऋण भुक्तानीको समय बढाइदिनुस त्यही हो हामीलाई भ्याक्सिन।'

पोखरा पर्यटन परिषदका अध्यक्ष गोपिबहादुर भट्टराईले पर्यटन क्षेत्र र यातायात क्षेत्र बढी प्रभावित भएको बताए। उनले प्रदेश सरकारले आफूले गरेको वाचा पूरा गर्‍यो कि गरेन भनेर समीक्षा गर्न पनि अनुरोध गरे। उनले पर्यटन व्यवसायी र पर्यटनकर्मीलाई अहिले कोभिड विरुद्धका भ्याक्सिन चाहिएको भनाइ राखे। उनले भने, 'बिरामी भएका बेलामा औषधी खान नपाए त्यसको के मतलब ? भ्याक्सिनबिना हामी पर्यटन क्षेत्र खोल्न सक्दैनौं।' बैंकबाट अहिले तारन्तार फोन गरेर छिटो ऋण तिर, तँलाई कालो सूचीमा राख्छु भनेको भन्दै उनले असार मसान्तसम्मको किस्ता र व्याज केही समयका लागि पर सारिदिन आग्रह गरे। पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष नारायण कोइरालाले कोभिडको सबैभन्दा बढी मारमा निजी क्षेत्र परेको बताए। उनले भने, 'नीति राम्रा आए पनि ती नीतिमा कतिको पहुँच पुग्छ भन्ने हो, लागु भएको देख्न पाइयोस्।' गण्डकी प्रदेश चेम्बर अफ कमर्सका अध्यक्ष किसान सुनारले अर्थतन्त्र पुनर्स्थापनामा नीति केन्द्रित हुनुपर्ने बताए। पुनर्कर्जाको वितरण कार्यविधि सहज हुनुपर्ने, ऋण भुक्तानीको समयसीमा बढाउनु पर्ने, ब्याजदर सिंगल डिजिट (७ देखि ८ प्रतिशतसम्म) मात्र राख्न उनले सुझाव दिए। पर्यटन व्यवसायी लक्की कार्कीले व्यवसायीका मर्का बुझेर पुनर्स्थापित गर्नुपर्नेमा सरकारले झन् हतोत्साही बनाएको बताइन्। उनले भनिन्, 'नीति देखाउन होइन,कार्यान्वयन हुने गरी बनाउनुपर्छ।'

नेपाल उद्योग वाणिज्य महासंघ केन्द्रीय सदस्य बाबुराम गिरीले प्रदेशपिच्छे आर्थिक अवस्था र आधारहरु फरक भएकाले यसरी सुझाव पठाउने काम साह्रै राम्रो भएको बताए। पुनर्कर्जाका लागि छुट्याइएको रकम अत्यन्तै न्यून रहेको भन्दै १ खर्बको कोषबाट लक्षित समूहले पुनर्कर्जा पाउन नसकेको बताए। उनले भने, 'अहिले थला परेको अर्थतन्त्रलाई कम्तीमा बचाउन तत्काल बैंकिङ लोनलाई रिफाइनान्स र पुनर्तालिकीकरण गरिदेऊ भनेको हो।' निजी क्षेत्र चलायमान नभए १० खर्बको राजस्वको लक्ष्य कसरी पुर्‍याउन नसकिने उनको भनाइ थियो। थला परेको अर्थतन्त्रउकास्ने खालको मौद्रिक नीति ल्याउन उनको सुझाव छ। सौन्दर्य व्यवसायी चिनु गुरुङले पुनर्कर्जाका लागि कागज बुझाएको ६ महिना भइसक्दा पनि कतिपयले पुनर्कर्जा पाउन नसकेको बताइन्। 'काम र व्यवसायका आधारमा नभइ धितो नै खोज्ने गर्दा व्यवसायी मर्कामा परेका छन्,' उनले भनिन्, 'प्रदेश सरकार ग्यारेन्टी बसिदिए पुनर्कर्जा दिन सक्छौं भनेर बैंकरले भनेका छन्।' अग्रज पर्यटन व्यवसायी गणेशबहादुर भट्टराईले राष्ट्रले व्यवसायीलाई बेलैमा सम्बोधन नगरे द्वन्द्व सिर्जना हुने बताए। उनले भने, 'मौद्रिक नीति ल्याएर के भो कुनै राहत मिलेको छैन। वृद्धभत्ता दिएजस्तो गरेर हुँदैन। सीपमूलक तालिम दिनुपर्‍यो अनि पो हुन्छ।' पुनर्कर्जा टाठाबाठाले पाएको र पहुँच नभएका व्यवसायीले नपाएको उनले बताए। उनको सुझाव छ, 'सफ्ट लोन दिनुपर्‍यो लामो समयका लागि, व्यवसायलाई दर्ताको घेरामा ल्याउनु पर्‍यो।' निर्माण व्यवसायी सुरेश श्रेष्ठले निर्माण व्यसायीले राम्रो काम गरेन भनेर गाली गर्नुको साटो डिजाइनमै गल्ती पो हो कि भनेर अध्ययन गर्नुपर्ने बताए। उनले ग्यारेन्टी र धरौटी रकमका बारेमा प्रष्ट नहुँदा व्यवसायी मर्कामा परेको बताए। उनले भने, 'काम सक्दासम्म पनि निकास नपाउँदा भुक्तानीलाई सहज बनाउन जरुरी छ।'

प्राध्यापक यादव शर्मा गौडेलले प्रदेशको आर्थिक अवस्था के छ, त्यसमाथि छलफल गरेर त्यही अनुसारको नीति बनाउन जरुरी रहेको बताए। पृथ्वीनारायण क्याम्पसका पूर्व क्याम्पस प्रमुख गेहेन्द्रश्वर कोइरालाले सुशासनलाई प्राथमिकतामा राख्न सुझाव दिए।'हाम्रो आर्थिक नीति के हो त्यसको प्राथमिकता तोकेर अगाडि बढ्नुपर्‍यो, त्यसैलाई पूरा गर्ने गरी मौद्रिक नीति आउनुपर्‍यो।'

युवा उद्यमी मञ्च पोखराका अध्यक्ष सुनिलबहादुर भट्टराईले नवप्रवेशी युवा उद्यमीलाई सहुलियतपूर्ण ऋण जरुरी रहेको बताए। उनले भने, 'युवा व्यवसायीको उत्पादनका लागि गुणस्तर सुनिश्चितता प्रमाणित गरिदिनुपर्‍यो। मेड इन नेपाल अभियान अन्तर्गत नेपाली उत्पादन प्रयोग गरेवापत केही सहुलियत दिनुपर्‍यो।' सुनचाँदी व्यवसायी भविन्द्र विकले सुनचाँदी विलासिता मात्र होइन हाम्रो धर्मसंस्कृतिसँग जोडिएको भन्दै सरकारले त्यसै अनुसारको सहयोग गर्नुपर्ने बताए। उनले भने, 'अहिले सुनको चरम अभावले गर्दा हामी मर्कामा छौं। नेपाली कालिगढलाई जोगाउन तालिम दिनु आवश्यक छ।' टेवान अध्यक्ष रेनु थापामगरले व्यवसायीहरुलाई मार मार्ने गरी राष्ट्र बैंकले नियम बनाएको भन्दै परिमार्जन गर्न आग्रह गरिन्।

# 'मत बदर नहुने मतदाता शिक्षामा जोड

**रासस**
**काठमाडौं, २१ असार**

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले सबै मतदातालाई मतदानमा समान सहभागिता र कुनै पनि मतपत्र बदर नहुने गराउन साक्षरता अभियान जरुरी भएको बताएका छन्।

निर्वाचत आयोगको आयोजना र क्रियाशील महिला पत्रकार (डब्लुडब्लुजे) का संयोजनमा आयोजित एकदिने ' निर्वाचन व्यवस्थापनसम्बन्धी अभिमुखीकरण कार्यक्रम' भर्चुअल उद्घाटन गर्दै उनले निर्वाचनमा एक मत पनि बदर नहुने गरी निर्वाचन साक्षरता अभियान जरुरी भएकामा जोड दिए।

अध्यक्ष थपलियाले भने," निर्वाचन आयोग एक्लैले यो काम सम्भव छैन,यसमा सबैको सहकार्य जरुरी छ।" निर्वाचनसम्बन्धी सूचनाको पहुँचमा सञ्चारमाध्यमको व्यापक प्रयोग गर्न तथा नागरिक आफैंले निर्णय गरेर मतदानमा सहभागी हुने वातावरण बनाउन जरुरी रहेको बताउँदै उहाँले आधाभन्दा बढी जनसङ्ख्या रहेका महिला, जनजाति, सीमान्तकृत, साक्षरता तथा कम साक्षरता भएका ठाउँमा निर्वाचन शिक्षा जरुरी भएको बताए। आयोगको तथ्याङ्कानुसार देशभर करीब एक करोड ६५ लाख मतदाता छन्। त्यो अझै बढ्ने क्रममा छ। नेपालमा देशभर ६० प्रतिशत मत खस्ने गरेको छ। त्यसमध्ये पाँच प्रतिशतको हाराहारीमा बदर हुने गरेको छ। राष्ट्रियसभाको निर्वाचनमा भने १३ प्रतिशत बदर भएको देखिएको छ।

सो अवसरमा आयोगका सदस्य डा जानकीकुमारी तुलाधरले मतदातालाई सुसूचित गराउनका लागि महिला पत्रकारको महत्वपूर्ण भूमिका रहेको र त्यसका लागि सम्पादकीय र व्यवस्थापकीय स्थानमा तिनको सहभागिता हुनुपर्ने जरुरी रहेको बताए। डब्लुडब्लुजेका अध्यक्ष निर्मला आचार्यले निर्वाचनमा मत बदर नै नहुने गरी नागरिकलाई साक्षरता जनाउने र निर्वाचनका समाचारमा पत्रकार महिलाको पनि उल्लेख्य सहभागिता गराउने उद्देश्यले अभिमुखीकरण तामिलको आयोजना गरेको जानकारी गराउनुभयो। तालीममा निर्वाचन आयोगका तर्फबाट तीन कार्यपत्र र डब्लुडब्लुजेका तर्फबाट एक कार्यपत्र प्रस्तुत हुनेछ। प्रत्येक प्रदेशबाट तीन/तीन गरी २१ पत्रकार महिला तथा आयोग र डब्ल्युडब्ल्युजेका गरी ४० जना तालीममा सहभागी छन्।




# दुई हजारभन्दा बढीमा संक्रमण

**रासस**
**काठमाडौं, २१ असार**

पछिल्लो समय नेपालमा आज थप दुई हजार ६२२ मा कोभिड-१९ सङ्क्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार सात हजार ४९९ नमूनाको पिसीआर परीक्षण गर्दा एक हजार ७४५ र चार हजार २८ एन्टिजेन परीक्षण गर्दा ८७७ गरी दुई हजार ६२२ मा कोरोना सङ्क्रमण देखिएको हो।

हालसम्म छ लाख ११ हजार ४२९ कोभिड-१९ बाट मुक्तभई घर फर्किएका छन्। पछिल्लो २४ घण्टामा देशभर दुई हजार २११ सङ्क्रमित निको भएर घर फर्किएका छन्। हाल देशभर रहेका २५ हजार ६९० सक्रिय सङ्क्रमितमध्ये २२ हजार ९९८ होम आइसोलेशनमा रहेका छन्। यस्तै संस्थागत आइसोलेशनमा दुई हजार ६९२ रहेका छन्। तीमध्ये ५७१ जनाको आइसियू र १८० को भेन्टिलेटरमा उपचार भइरहेको छ। निको हुने दर ९४.६ रहेको छ।

पछिल्लो २४ घण्टामा थपिएका सङ्क्रमितमध्ये ५६२ काठमाडौं उपत्यकाका हुन्। सोमा काठमाडौंका ३७८, ललितपुरका १२४ र भक्तपुरका ६० जना छन्।

पछिल्लो समय नेपालमा कोभिड-१९ को सङ्क्रमणबाट थप २३ को मृत्यु भएको छ। योसँगै कोभिड-१९ को सङ्क्रमणबाट ज्यान गुमाउनेको सङ्ख्या नौ हजार २४८ पुगेको मन्त्रालयले जनाएको छ।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कमाउन जति गाह्रो छ, गुमाउन ज्यादै सजिलो हुन्छ ।

– स्वेटमार्डन

## सम्पादकीय

# ब्युँतियो एमाले कार्यदल

नेपाल कम्युनिष्ट पार्टी (एमाले) को आन्तरिक विवाद मिलाउन गठित कार्यदल ब्युँतिएको छाकेन्द्रीय कमिटी बैठकले कांग्रेस सभापति शेर बहादुर देउवालाई प्रधानमन्त्री बनाउनुपर्छ भनेर २३ सांसदले गरेको हस्ताक्षर फिर्ता गर्न दिएको अल्टिमेटम सकिएपछि कार्यदलले बैठक सिंहदरबारमा बसेको छा एमाले अध्यक्ष केपी शर्मा ओली र वरिस्ठ नेता माधवकुमार नेपालबीचमा विवाद मिलाउन कार्यदल गठन भएको हो । वागमती प्रदेशको राष्ट्रिय सभा सदस्यमा एमाले उमेदवार विरुद्ध वागी उमेदवार खडा गरेपछि निस्क्रिय रहेको पुनः पार्टी एकताबद्धता बनाउन सोमबार बैठक बसेर अवस्था सामान्य बनाउन खोजेको छ।

सर्वोच्च अदालतमा मुद्दाका पक्षधर बनेर प्रस्तुत हुने संविधान र पार्टीको विधान विपरित भएको ठहर गर्दै एमालेले वरिष्ठ नेता माधवकुमार नेपाल समूहलाई सोमबार साँझसम्मको अल्टिमेटम दिएको थियो । सोमबार साँझसम्म अल्टिमेटम दिएपनि अदालतको फैसला अगाडिसम्म फिर्ता गराउन संस्थापन पक्षको दौडधुप जारी छ । यसबीचमा पनि एमालेले २३ सांसदको हस्ताक्षर फिर्ता गराउने प्रयास जारी छ । पार्टी अध्यक्ष केपीशर्मा ओली २०७५ जेठ २ मा फर्काएपछि दसौं राष्ट्रिय महाधिवेशन आयोजक कमिटी भंग भएको छ । योसँगै नेपालसहित ११ जनालाई गरिएको निष्कासनको कारबाही निष्प्रभावी बनाइएको छ।

अध्यक्ष ओली लचिलो बनेपनि वरिष्ठ नेपालले भने ओलीसँग भेट गर्न अस्वीकार गरिरहेका बेला नेपाल निकट उपाध्यक्ष भिम रावल र अध्यक्ष ओलीबीच भेटपछि कार्यदल ब्युतिएको हो । पौडेलसहितका संस्थापन पक्षका नेताहरु आइतबार बिहान नेता नेपालको निवास कोटेश्वर पुगेका थिए । यता आइतबार राति नेपालपक्षका नेता भीम रावललाई बालुवाटार बोलाएर ओलीले हस्ताक्षर फिर्ताका लागि नेपाललाई मनाउन आग्रह गरेको थिए । दुबैपक्षबीच कुराकानी भए पश्चात  कार्यदल बस्ने अवस्था आउनु सकारात्मक हो । कार्यदलमा प्रधानमन्त्री एवम् एमाले अध्यक्ष ओली पक्षबाट नेताहरु सुवासचन्द्र नेम्वाङ, विष्णु पौडेल, प्रदीपकुमार ज्ञवाली, शङ्कर पोखरेल, विष्णु रिमाल छन् भने नेता नेपाल पक्षबाट भीम रावल, सुरेन्द्र पाण्डे, गोकर्ण विष्ट, रघुजी पन्त, घनश्याम भुषाल छन् ।

कार्यदल गठनभएपछिको पहिलो बैठकले कार्यक्षेत्र, कार्यविधि र आचारसंहिता तयार गरी लागू गर्ने, पार्टीमा देखिएका समस्यालाई यथोचित रुपमा समाधान गर्दै पार्टीलाई एकताबद्ध रुपमा अघि बढाउन कार्यदलले पार्टी पंक्तिलाई सहयोग र सद्भावका लागि आग्रह गर्ने, पार्टी एकता र समझदारीलाई वृद्धि गर्न तथा एक आपसमा विश्वास, सहयोग र अन्तरविरोध सिर्जना हुने कामकुरबाट अलग रहन पार्टी पंक्तिलाई आह्वान गर्ने निर्णय गरेको थियो । तर बागमती प्रदेशमा राष्ट्रियसभा निर्वाचनमा माधव नेपाल पक्षले बागी उम्मेदवारलाई मत हालेपछि कार्यदल निष्क्रिय भएको थियो । प्रतिनिधिसभा विघटन भएसँगै देउवालाई प्रधानमन्त्री बनाउन नेपाल पक्षले हस्ताक्षर गरेपछि एमाले विवाद झन्  बढेको छापार्टीका अधिकांश कार्यकर्ता एकताको पक्षमा छन । नेताहरूको कुण्ठा, अहंकार र ईर्ष्याका कारण एमालेको विवाद विभाजन तर्फ उन्मुख छ। पार्टीका दोस्रो तहका नेताहरु एकता जोगाउन लागेका छन। दोस्रो पुस्ताको हस्तक्षेपकारी भुमिका बढाउन सकेमा नेताहरु सहमतिमा आउन दवाव पुग्नेछ।

# बाढीपहिरो प्रभावितलाई ४० घर हस्तान्तरण

पोखरापत्र संवाददाता

बेनी, २१ असार (रासस)

म्याग्दी प्रवासी नेपाली सङ्घ (मोना) अन्तर्राष्ट्रिय कार्यसमितिले म्याग्दीमा बाढीपहिरोले विस्थापित भएका ४० परिवारलाई नयाँ घर हस्तान्तरण गरेको छ । गत बर्खाको पहिरोले घर भत्किएका, पुरिएका र बगाएको घर निर्माण गरी पीडितलाई चाबी हस्तान्तरण गरिएको हो।

जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय तहहरुसँग समन्वय गरी जग्गाविहीनलाई एकीकृत बस्ती र जग्गा भएका पीडितलाई मापदण्डानुसारका प्रतिघर रु पाँच/पाँच लाख गरी कुल रु दुई करोडको लागतमा घर निर्माण गरी हस्तान्तरण गरिएको मोना अन्तर्राष्ट्रिय कार्यसमितिका अध्यक्ष ओमनारायण जुजालीले बताउनुभयो । आइतबार रघुगङ्गा गाउँपालिकामा निर्माण भएका चार वटा घर हस्तान्तरण गरिएको छ । यसअघि अन्य पाँच स्थानीय तहमा पुनःनिर्माण गरिएका घर सम्बन्धित लाभग्राहीलाई हस्तान्तरण गरिसकिएको छ । करिब छ महिनाको अवधिमा मोनाले धवलागिरि गाउँपालिकामा १४, मालिकामा १०, मङ्गला, रघुगङ्गा, अन्नपूर्ण गाउँपालिका र बेनी नगरपालिकामा चार/चार वटा पहिरो पीडितको घर निर्माण गरी हस्तान्तरण गरिएको घर पुनःनिर्माण समितिका सदस्य दल शेरपुर्जाले जानकारी दिनुभयो ।

उहाँका अनुसार जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिस र स्थानीय तहसँगको समन्वयमा बाढी र पहिरोपीडित लाभग्राहीको छनोट गरिएको हो । गत माघ महिनामा रघुगङ्गा गापा-५, झिँबाट शुरु भएको पुनर्वास अभियानले पीडितको घाउमा मलम लगाउने प्रयास गरिएको मोनाले जनाएको छ । आइतबार रघुगङ्गा गापाभित्र निर्मित चार घर मोनाका अध्यक्ष जुजालीले गाउँपालिका अध्यक्ष भवबहादुर भण्डारी, उपाध्यक्ष कमला तिलिजा, प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदी, वडा नं ५ का अध्यक्ष मनबहादुर शेरपुञ्जा र वडा नं ८ का अध्यक्ष गमान छन्त्यालको उपस्थितिमा लाभग्राहीलाई हस्तान्तरण गर्नुभएको थियो ।

मोनाका अध्यक्ष जुजालीले प्राकृतिक विपत्तिको समयमा पीडितहरुलाई राहत र सरकारलाई समेत सहज होस् भन्ने उद्देश्यले प्रवासी म्याग्देलीहरुले पुनःनिर्माण अभियानमा सहकार्य गरेको बताउनुभयो । उहाँले जिल्लामा प्रवासीहरुले सामाजिक क्षेत्रमा सहकार्य गर्दै आएकोमा अब छिट्टै नै स्थानीयस्तरमै रोजगारका अवसर सिर्जना गर्ने गरी लगानीसमेत बढाउने तयारी गरिएको जानकारी दिनुभयो । घर हस्तान्तरण कार्यक्रममा रघुगङ्गाका अध्यक्ष भण्डारीले सरकारी तवरबाट शुरु भएको पुनःनिर्माण अभियान अगावै प्रवासी म्याग्देलीहरुको अगुवाइमा शुरु भएको पुनःनिर्माणले सार्थकता पाएकोमा धन्यवाद ज्ञापन गर्नुभएको थियो । रघुगङ्गामा गत वर्षको बाढी, पहिरोबाट पूर्ण क्षति भएका १७ लाभग्राही रहेकामा जिल्ला विपद् व्यवस्थापन समितिले १३ जना मात्रै छनोट गरेको थियो ।

जिल्ला विपद् व्यवस्थापन समितिले छनोट गरेकामध्ये मोनाले चार परिवारको आवास निर्माण गरिदिएको हो । छुटेका चारसहित पहिचान भएका नयाँ पीडितहरुको विवरण कायम गर्न जिल्ला प्रशासन कार्यालयमा विवरण पेश गरिएको गाउँपालिकाले जनाएको छ । रघुगङ्गामा निजी आवास पुनःनिर्माण तथा पुनःस्थापना अनुदान कार्यविधि अनुसार नौ जना लाभग्राहीसँग सम्झौता गरी पहिलो किस्ता रु ५० हजारका दरले निकासा गरी काम अघि बढेको प्रमुख प्रशासकीय अधिकृत सुवेदीले जानकारी दिनुभयो।

# गत वर्ष भत्किएका घर पुनर्निर्माणका लागि रकम प्राप्त

पोखरापत्र संवाददाता

दमौली, २१ असार

गत वर्षको बाढीपहिरोले भत्किएका घर पुनर्निर्माणका लागि सरकारले रकम निकासा गरेको छ। गत वर्षको असारमा आएको बाढीपहिरोले भत्किएका घर पुनर्निर्माण गर्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमार्फत् जिल्ला विपद् व्यवस्थापन समितिको कोषमा रु एक करोड ५१ लाख आठ हजार ७५० प्राप्त भएको बताइएको छ।

सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालका अनुसार पछि लाभग्राही कायम गर्दा रकम बढी भएमा फिर्ता गर्ने शर्तमा २४७ घरको पुनर्निर्माणका लागि लाग्ने रकम निकासा गर्न माग गरिएको थियो । बाढीपहिरोलेव्यासनगरपालिकामा७७, भानु नगरपालिकामा ३२, शुक्लागण्डकी नगरपालिकामा २१, भिमाद नगरपालिकामा २९, आँबुखैरेनी गाउँपालिकामा छ, बन्दीपुर गाउँपालिकामा १३, ऋषिङ गाउँपालिकामा दुई, घिरिङ गाउँपालिकामा आठ, देवघाट गाउँपालिकामा १८ र म्याग्दे गाउँपालिकामा ४१ घर पूर्ण क्षति भएका थिए । ती घरपरिवारको सर्वेक्षण गरी लाभग्राही यकिन गर्न स्थानीय तहमा कार्यरत प्राविधिकलाई तालीम प्रदान गरी स्थानीय तहहरुबाट खटाएको छ । सर्वेक्षण गरी विवरण प्राप्त नभएको बरालले बताउनुभयो। "चालु आर्थिक वर्ष अन्त्य हुन लागिरहेको अवस्थामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार र स्थानीय तहबाट बेहोर्नु पर्ने अनुदानको रकम माग गरी जिल्ला विपद् कोषमा जम्मा गर्नुपर्ने अवस्था छ," उहाँले भन्नुभयो।

सहायक प्रमुख जिल्ला अधिकारी बरालले लाभग्राही पहिचान गरी स्थानीय तहले नपठाएपछि स्थानीय तहलाई रकम निकासा गर्न ढिलाइ भएको जानकारी दिनुभयो। "केन्द्रबाट पैसा आयो तर स्थानीय तहबाट विवरण प्राप्त भएको छैन," उहाँले भन्नुभयो, "लाभग्राही पहिचान गरेर स्थानीय तहले पठाएपछि स्थानीय विपद् व्यवस्थापन समितिको खातामा रकम पठाउछौं।"

# प्रतिनिधिसभा सदस्य निर्वाचन कार्यतालिका स्वीकृत

रासस

काठमाडौं, २१ असार

निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचन, २०७८ को निर्वाचन कार्यतालिका स्वीकृत गरेको छ । आयोगका अनुसार कार्यतालिकामा आगामी कात्तिक २६ गते शुक्रबार पहिलो चरण र मङ्सिर ३ गते शुक्रबार दोस्रो चरणमा प्रतिनिधिसभा सदस्य निर्वाचन सम्पन्न गर्नका लागि निर्वाचन अवधिमा सम्पादन गरिने मुख्य क्रियाकलाप समेटिएको छ।

कार्यतालिकाअनुसार यही असार ३१ देखि आगामी साउन १५ गतेसम्म निर्वाचन प्रयोजनका लागि राजनीतिक दल दर्ताको कार्यक्रम रहेको छ । पहिलो चरणमा सम्पन्न हुने पहिलो निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यक्रम असोज २१ देखि २६ गतेसम्म सञ्चालन हुनेछ। दोस्रो चरणमा सम्पन्न हुने निर्वाचनका लागि निर्वाचन कार्यक्रम असोज ३१ गतेदेखि कात्तिक ५ गतेसम्म सञ्चालन हुने आयोगका प्रवक्ता राजकुमार श्रेष्ठले विज्ञप्तिमार्फत जानकारी दिनुभएको छ। मतदाताको अन्तिम मतदाता नामावली भदौ २३ गते प्रकाशन हुनेछ।

समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यक्रम भदौ २ देखि कात्तिक २ गतेसम्म सञ्चालन हुने आयोगले जनाएको छ।

# 'व्यासमा समता विद्यालय' सञ्चालनमा ल्याइने

पोखरापत्र संवाददाता

तनहुँ, २१ असार (रासस)

व्यास नगरपालिकाले अनाथ, असहाय, विपन्न, शहीद, बेपत्ता र कोरोनाबाट मृत्यु भएका परिवारका बालबालिकालाई लक्षित गरी 'व्यास समता विद्यालय' सञ्चालनमा ल्याउन लागेको छ।

नगरपालिकाले माध्यमिक तहसम्मको शिक्षा लिन कठिनाइमा परेका व्यास-७ शेराटारस्थित क्यामिन कोट प्राथमिक विद्यालयमा आवासीय विद्यालय स्थापना गरी सञ्चालनमा ल्याउन लागेको हो । नगरपालिकाको ३५ औं नगरसभाबाट आर्थिक वर्ष ०७८/०७९ को नीति तथा कार्यक्रममा प्राथमिकता दिइएको नगरपालिकाले जनाएको छ । नगरपालिकाभित्र रहेका नाजुक परिवारका बालबालिकामा शिक्षाको पहुँच पुर्‍याउने उद्देश्यले समता विद्यालय सञ्चालन गर्न लागिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डिल्लीराम सिग्देलले जानकारी दिनुभयो । नगरपालिकालाई शैक्षिक केन्द्रका रूपमा विकास गर्नका लागि नगर शिक्षा योजना निर्माण गरी नगरपालिकामा रहेको विद्यालय तथा क्याम्पसस्तरका शिक्षालाई थप गुणस्तरीय र विश्वसनीय बनाइने उहाँले बताउनुभयो।

व्यास-१३ र १४ का सामुदायिक विद्यालयमा बालग्रामसँग सहकार्य गरी विद्यालय सुधार योजना कार्यान्वयन गरिनेछ । उहाँले भन्नुभयो, "नगरपालिकाभित्र रहेका विद्यालयमा यसै शैक्षिक सत्रदेखि कक्षा १ मा स्थानीय पाठ्यपुस्तक र माध्यमिक तहका कक्षा ११ र १२ मा वेदव्याससम्बन्धी अतिरिक्त पाठ्यपुस्तक अध्यापन गराउने व्यवस्था मिलाइने छ।" 'हाम्रो प्रतिभा हाम्रो गौरव' भन्ने नाराका साथ नगरपालिकाभित्रका विभिन्न विधामा नगर क्षेत्रभित्रका विद्यार्थीबीच प्रतिस्पर्धा गराई नगरस्तरीय उत्कृष्ट प्रतिभा छनोट गरी पुरस्कृत गरिनेछ।

नगरपालिकाभित्रका विद्यालय तथा क्याम्पसमा अध्ययनरत कक्षा ११ र १२ का वर्गका छात्रछात्रालाई अध्ययन गर्नका लागि अनुसन्धान अनुदान एवं छात्रवृत्ति सहयोग पुर्‍याइने नगरपालिकाले जनाएको छ।


भाका, भूल, दया, क्षमा र ममता सन्तोष जान्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो बिन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः
वि. स. १९९८/०३/१०

स्वर्गारोहणः
वि.स. २०७८/०३/१२ गते

स्वः ईश्वरी सिग्देल

गण्डकी प्रदेश कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. १३ सिग्देल ग्राम स्थित पृथ्वीधर सिग्देल समाजको सदस्य सामाजिक तथा धार्मिक व्यक्तित्व **ईश्वरी सिग्देल** को देहावसानले यो समाज स्तब्ध एवं मर्माहत भएको छ । यस दुःखको घडीमा दिवंगत आत्माले ब्रम्हतत्वको प्राप्ती गरोस् भन्ने अपेक्षाका साथ ११ औं दिनको पुण्यतिथिमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै उहाँको छोरा/बुहारी मैया सिग्देल, रमाकान्त/ यशोदा सिग्देल, राजनकान्त/मालती सिग्देल लगायत सम्पूर्ण परिवारजनमा यो दुःखद बहन गर्न सक्ने शक्ति सामर्थे तथा सहनशिलता परमपिता परमेश्वरवाट प्राप्त होस् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**गोबिन्द प्रसाद सिग्देल**
**अध्यक्ष एवं**
**पृथ्वीधर सिग्देल समाज**
**पोखरा-१३, सिग्देलग्राम, कास्की**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पो.ले.म.न.पा. वडा नं. ९ स्थित दरबारथोक मार्गको बाँकी बाटो निर्माण गर्दा निम्न अनुसारको खर्च तथा आम्दानी भएको सरोकारवालाको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम : दरबारथोक मार्गको बाँकी बाटो निर्माण
योजनाको कुल लागत : रु. ८,२२,०३०/५५
सम्झौता मिति : २०७८/०२/०९ गते
योजना शुरु मिति : २०७७/०२/१० गते
योजना सम्पन्न मिति : २०७८/३/९ गते
उपभोक्ताबाट जनसहभागिता : ४,२२,०३०/५५

**पूर्णबहादुर भुजेल**
**अध्यक्ष**
**दरबारथोक मार्गको बाँकी बाटो निर्माण उपभोक्ता समिति**
**पोखरा-९, कास्की**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १ के आई सिंह पुल नजिक चौतारो निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्होरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नामः के आई सिंह पुल चौतारो निर्माण समिति
स्थानः पोखरा-१, कास्की
योजना सम्झौता मितिः २०७७/१२/१९ गते
योजना सम्पन्न मिति : २०७८/०३/१५ गते
योजनाको कुल लागत : रु. २१३७६२.३६
महानगरपालिकाबाट प्राप्त रकम : रु.१,७१००९.८९।-
जन श्रमदानबाट : रु.४२७५२.४७

योजना संयोजक
कल्पना आचार्य बास्तोला
**के.आई सिंह पुल चौतारो निर्माण उपभोक्ता समिति**
पोखरा-१


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | सहयोग मिल्नेछ | तुला | झमेला बढ्ने |
| वृष | शत्रुको भय | वृश्चिक | मन चञ्चल |
| मिथुन | मानसिक तनाव | धनु | व्यापारमा लाभ |
| कर्कट | आर्थिक समस्या | मकर | सत्कार मिल्नेछ |
| सिंह | कार्यमा सफलता | कुम्भ | शारीरिक झमेला |
| कन्या | अप्रत्यसित लाभ | मीन | सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# खत्रीको उपचारमा सहयोगी बन्यो लायन्स

**– हरि बाँस्तोला**
**गण्डकी, २१ असार (रासस)**

पोखरा महानगरपालिका-२१ कृस्ती ठुलाचौरकी १६ वर्षीय भगवती खत्रीलाई मुखमा ट्युमर पलाएपछि उपचार नै हुँदैन कि भन्ने चिन्ता थियो । जन्मजातै नाकमा सानो फोको आएको र पछि विस्तारै बढ्दै गएर मुखसहित अनुहार नै छोपिन थालेसँगै उहाँलाई जटिल समस्या परेको हो।

ट्युमरले एकाएक अनुहार नै छोप्न थालेपछि भगवतीसँगै खत्री परिवार ठूलै समस्यामा परेको थियो। निम्नवर्गीय परिवारमा देखिएको सो समस्या उपचार नै नपाइने डरले थप चिन्तित बनेको अवस्थामा सामाजिक सेवामा समर्पित लायन्स क्लब अफ पोखरा चौतारी सहयोगीका रूपमा आएपछि यतिखेर खत्री परिवारमा खुसियाली छाएको छ। भगवतीको लायन्सको सहयोगमा अहिले उपचार भइरहेको छ। भगवतीको साँखुस्थित सुष्मा कोइराला मेमोरियल अस्पतालमा आज शल्यक्रिया हुने तयारी भइरहेको उहाँका बुबा गङ्गाबहादुर खत्रीले जानकारी दिनुभयो । "छोरीको उपचारको कुराले हामी निकै चिन्तित थियौँ, लायन्स क्लब अफ पोखरा चौतारी यतिखेर हाम्रो परिवारका लागि भगवान् नै भएर आएको छ", उहाँले भन्नुभयो।

भविष्य निर्माण माविमा विद्यार्थीका लागि शैक्षिक सामग्री सहयोग गर्न पुगेको लायन्स क्लबको टोलीले विद्यार्थी भगवतीको चिन्ताजनक अवस्था देखेपछि उपचार गरिदिने वातावरण तयार गरेको हो।

"मुखमा बढेको ट्युमरका कारण खाने कुरा खानभन्दा पनि पानी पिउन असाध्यै अप्ठेरो हुने गरेको थियो", भगवतीले भन्नुभयो, "पहिलो पटक २०७७ वैशाखमा सुष्मा कोइराला मेमोरियल अस्पताल शल्यक्रिया गरेपछि केही सहज भएको थियो पछि पुनः बढ्दै गएको छ ।" पोखरा-२१ स्थित भविष्य निर्माण माविमा कक्षा १० मा अध्ययनरत उहाँले भन्नुभयो, "भाग्यले अप्ठेरो पारे पनि परिवारको सहयोग तथा विद्यालयमा सर र साथीको माया एवं उत्साहले अध्ययनलाई निरन्तरता दिन सके अहिले त उपचार गरिदिन लायन्स क्लब नै मेरो लागि भगवान् बनेर आएको छ।" लायन्स क्लबको समन्वयमा अस्पतालले सबै उपचार निःशुल्क गरिरहेको छ । अघिल्लो पटक शल्यक्रिया गर्दा अस्पतालमा आवतजावत एवं कुरुवाका लागि लाइन्सबाट रु ४० हजार सहयोग गरिएको थियो भने यस पटक पनि रु ५० हजारसहित भगवतीलाई पठाइएको लायन्स क्लब अफ डिष्ट्रिक्ट ३२५ (वी वान) का कोचिफ एडभाइजर मोहनबाबु खड्काले जानकारी दिनुभयो।

पोखरा चौतारीका पूर्वअध्यक्ष समेत रहनुभएका उहाँका अनुसार यो सहयोग लायन्सका सदस्यबाट सङ्कलन गरिएको हो। उपचारको अन्य सम्पूर्ण खर्च पनि साथीहरुबाट सहयोग जुटाएर नै गरिने छ । भगवतीको डा सन्तोषविक्रम भण्डारीले उपचार गरिरहनुभएको छ। उहाँका अनुसार भगवतीको ट्युमरको तीन पटक शल्यक्रिया गर्नुपर्छ । कृषिकार्य गरी जीविकोपार्जन गर्दै आएको भगवतीको परिवारमा बुबा वडा कार्यालयका कार्यालय सहयोगीका रूपमा काम गर्दै आउनुभएको छ भने आमा राधा घरयसी काममा नै व्यस्त हुनुहुन्छ । एउटा दिदी र भाइसमेत रहेकी भगवतीका लागि उपचार असहज भएका अवस्थामा लायन्सबाट गरिएको सहयोग अतुलनीय भएको परिवारको भनाइ छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कमल भुजेलका अनुसार क्लबले ट्युमर बढेका कारण कष्टकर जीवन बिताउन बाध्य विद्यार्थी भगवतीको उपचारमा महत्वपूर्ण सहयोग पुऱ्याउनुका साथै विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि आवश्यक शैक्षिक सामग्री उपलब्ध गराएर ठूलो गुन लगाएको छ।

# गत वर्ष भत्किएका घर पुनर्निर्माणका लागि रकम प्राप्त

**पोखरापत्र संवाददाता**
**दमौली, २१ असार (रासस)**

गत वर्षको बाढीपहिराले भत्किएका घर पुनर्निर्माणका लागि सरकारले रकम निकासा गरेको छ । गत वर्षको असारमा आएको बाढीपहिराले भत्किएका घर पुनर्निर्माण गर्न राष्ट्रिय विपद्, जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमार्फत् जिल्ला विपद् व्यवस्थापन समितिको कोषमा रु एक करोड ५१ लाख आठ हजार ७५० प्राप्त भएको बताइएको छ।

सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालका अनुसार पछि लाभग्राही कायम गर्दा रकम बढी भएमा फिर्ता गर्ने शर्तमा २४७ घरको पुनर्निर्माणका लागि लाग्ने रकम निकासा गर्न माग गरिएको थियो । बाढीपहिराले व्यास नगरपालिकामा ७७, भानु नगरपालिकामा ३२, शुक्लागण्डकी नगरपालिकामा २१, भिमाद नगरपालिकामा २ ९, आँबुखैरेनी गाउँपालिकामा छ, बन्दीपुर गाउँपालिकामा १३, ऋषिङ गाउँपालिकामा दुई, घिरिङ गाउँपालिकामा आठ, देवघाट गाउँपालिकामा १८ र म्याग्दे गाउँपालिकामा ४१ घर पूर्ण क्षति भएका थिए । ती घरपरिवारको सर्वेक्षण गरी लाभग्राही यकिन गर्न स्थानीय तहमा कार्यरत प्राविधिकलाई तालीम प्रदान गरी स्थानीय तहहरुबाट खटाइएको छ। सर्वेक्षण गरी विवरण प्राप्त नभएको बरालले बताउनुभयो । "चालु आर्थिक वर्ष अन्त्य हुन लागिरहेको अवस्थामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार र स्थानीय तहबाट बेहोर्नु पर्ने अनुदानको रकम माग गरी जिल्ला विपद् कोषमा जम्मा गर्नुपर्ने अवस्था छ," उहाँले भन्नुभयो।

सहायक प्रमुख जिल्ला अधिकारी बरालले लाभग्राही पहिचान गरी स्थानीय तहले नपठाएपछि स्थानीय तहलाई रकम निकासा गर्न ढिलाइ भएको जानकारी दिनुभयो। "केन्द्रबाट पैसा आयो तर स्थानीय तहबाट विवरण प्राप्त भएको छैन," उहाँले भन्नुभयो, "लाभग्राही पहिचान गरेर स्थानीय तहले पठाएपछि स्थानीय विपद् व्यवस्थापन समितिको खातामा रकम पठाउछौँ।" म्याग्दे गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायण अधिकारीले गाउँपालिकाबाट लाभग्राही पहिचान गरी ४१ घरधुरीको विवरण पठाइएको जानकारी दिनुभयो। उहाँका अनुसार घर पुनर्निर्माणका लागि स्थानीय तहबाट रु १६ लाख ४० हजार लागत साझेदारी गर्नुपर्नेछ । व्यास नगरपालिकाले बाढीपहिराले भत्किएका घर पुनर्निर्माणका लागि जिल्ला विपद् कोषमा साझेदारीबापतको रु १५ लाख ५० हजार रकम जम्मा गर्ने प्रमुख प्रशासकीय अधिकृत डिल्लीराम सिग्देलले बताउनुभयो। लाभग्राहीले पाउने रकमको १५ प्रतिशत सम्बन्धित तहले बेहोर्नु पर्ने कार्यविधिअनुसार नगरपालिकाले तीन किस्तामा रकम जम्मा गर्ने भएको छ। गत वर्ष व्यासमा ७७ घर बाढीपहिराले भत्किएका थिए।

# विकासमा बेथिति : समयमा सकिँदैनन् ठूला आयोजना

**– खेमराज गौतम**
**गलकोट, २१ असार (रासस)**

राष्ट्रिय गौरवको आयोजनाको रूपमा रहेको मध्यपहाडी लोकमार्ग दुई वर्षमा सक्ने गरी सम्झौता भएकोमा पाँच वर्षमा सकिएको छैन। आयोजना समयमै नसकिएको भन्दै अहिले स्थानीय युवा आन्दोलित छन्।

विसं २०७६ मा कालोपत्रे गर्ने लक्ष्य रहेको राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी करिडोरको बागलुङ खण्ड पनि अझै विस्तारकै क्रममा छ। बागलुङ खण्डको ४२ किलोमिटरमध्ये जम्मा १० किमी मात्रै कालोपत्रे गर्न सडक विभागलाई हस्तान्तरण गरिएको एक वर्ष बितिसक्यो। उक्त सडक कहिले कालोपत्रे हुने टुङ्गो छैन । अहिले डिपिआर(विस्तृत आयोजना प्रतिवेदन) सकेर कालोपत्रेका लागि वातावरणीय प्रभाव मूल्याङ्कनको काम भइरहको कालीगण्डकी करिडोर आयोजना कार्यालयले जनाएको छ । राष्ट्रिय गौरवको आयोजना त समयमै सकिँदैनन् भने अन्य आयोजनाको हालत के होला भन्ने बागलुङवासीमा चिन्ता बढेको छ। बागलुङका दुई 'लाइफ लाइन'का सडक आयोजना मध्यपहाडी लोकमार्ग र कालिगण्डकी करिडोर मात्र हैन, बागलुङका अधिकांश ठूला आयोजनाले यस्तै नियति भोगिरहेका छन् । आयोजना समयमा नसकिँदा स्थानीयवासी आक्रोशित हुँदै आएका मात्रै छैनन्, बिहुँका स्थानीय मध्यपहाडी लोकमार्गको काममा ढिलाइ र चरम लापरवाही भएको र त्यसबाट सास्ती भोग्नुपरेको भन्दै चरणबद्ध आन्दोलनमा छन् । सडकलाई कमाइ खाने भाँडो बनाउन दुई वर्षमा सक्नुपर्ने काम पाँच वर्षमा नसकेका कारणआन्दोलनगर्नुपरेकोस्थानीयवासी दिपेश कँडेलले बताउनुभयो।

बागलुङको भविष्यसँग जोडिएको लोकमार्गको २५ किलोमिटर सडक दुई भागमा विभाजन गरेर ठेक्का भएको थियो। उपल्लाचौरदेखि अक्षेते-बिहुँ खण्ड २०७३ माघ १४ गते भारत सिद्धिसाई जेभीले १३ किलोमिटर र बिहुँ घोडाबाधे खण्ड २०७२ माघ १० गते एमपी/एससिएफ/इसीसी जेभीले १२ किलोमिटर सडक दुई वर्षमा सडक कालोपत्रे गर्ने ठेक्का सम्झौता गरिएको थियो तर पटकपटक म्याद थप्दासमेत आयोजना अझै सकिएको छैन।

लोकमार्ग आयोजना कार्यालय पर्वतका प्रमुख मेघराज मरासिनीका अनुसार बागलुङको जिल्ला सदरमुकामदेखि घोडाबाँधेसम्मको सडक अहिले कालोपत्रे गर्ने योजना भए पनि बर्सातका कारण जम्मा दुई किलोमिटर मात्रै कालोपत्रे भएको छ । उहाँका अनुसार साउनमा कालोपत्रे गरिने लक्ष्य रहेको उहाँको भनाइ छ। मध्यपहाडी लोकमार्ग, कालीगण्डकी करिडोर त एउटा उदाहरण मात्रै हो । बागलुङको आधुनिक बसपार्क निर्माण कम्पनीले सम्झौता गरेको अवधिमा दुई पटक म्याद थप हुँदासमेत सम्पन्न हुन सकेको छैन। बहुवर्षे आयोजनाका रूपमा र रु सात करोडको लागतमा गत वर्षदेखि निर्माणको चरणमा रहेको बलेवा विमानस्थलको धावन मार्ग अझै कालोपत्रे भएको छैन।

असारमा जहाज चलाउने योजनाका साथ नागरिक उड्डयन प्राधिकरणले रु सात करोडको लागतमा ठेक्का सम्झौता गरे पनि निर्माण सामग्रीको अभाव देखाउँदै विमानस्थल कालोपत्रेमा ढिलाइ भएको छ । अहिले मौसमका कारण कालोपत्रे गर्न नसकिएको धावनमार्ग कालोपत्रेको जिम्मा पाएको काष्ठमण्डप कन्ट्रक्सनका प्रतिनिधि वासु थापाले जानकारी दिनुभयो । विसं २०७६ कात्तिक २६ गते एक वर्षमा सक्ने गरी रु आठ करोड ७० लाखमा ठेक्का सम्झौता भएको आधुनिक बसपार्क समयमै नसकिँदा दुई पटक छ/छ महिना म्याद थप गरिएको छ। पछिल्लो पटक पुनः कोरोनाको कारण देखाउँदै छ महिना म्याद थपिएको थियो । अहिले टर्मिनल र व्यावसायिक भवन निर्माण सम्पन्न भएको र पार्किङ स्थल कालोपत्रेसमेत भइरहेको छ तर सम्पन्न भएर सञ्चालनको लागि अझै केही समय लाग्ने बागलुङ नगरपालिकाका इञ्जिनीयर मनोज शर्माले बताउनुभयो।

बेनी बागलुङ सडक ठेक्का म्याद सकिएपछि कालोपत्रे शुरु भएको छ। बागलुङको रामरेखादेखि रत्नेचौरसम्मको ११ किलोमिटर सडक स्तरोन्नतिसँगै कालोपत्रे गर्ने सडक डिभिजन कार्यालय बागलुङले जनाएको छ। उक्त सडक २०७६ माघ १३ गते दुई वर्षमा सक्ने गरी रु तीन करोड ३७ लाख ७७ हजारमा फेवा/बिएमए जेभीसँग ठेक्का सम्झौता भएको थियो।

म्याद थपको प्रक्रियासँगै सडक कालोपत्रे भइरहेको छ । आयोजना समयमै नसकिँदा बागलुङले विकासमा फड्को मार्न समस्या भएको छ । ठूला विकासे आयोजनामा समेत चरम बेथिति भएसँगै नागरिकमा निराशा छाएको स्थानीय रामप्रसाद शर्माले बताउनुभयो।

# बाढीपहिराले बगेका विद्युत्का नहर पुनःनिर्माण

**पोखरापत्र संवाददाता**
**बागलुङ, २१ असार (रासस)**

गत वर्ष बाढीपहिराले बगाएका ढोरपाटन नगरपालिका र बडिगाड गाउँपालिकामा लघुजलविद्युत् आयोजनामध्ये अधिकांशको नहर पुनःनिर्माण सम्पन्न भएका छन् । केही निर्माणाधीन छन्।

जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयले गण्डकी प्रदेश सरकारको बजेटमा ती नहर पुनःनिर्माण गरेको हो । प्रदेश सरकारले पठाएको रु एक करोड १२ लाखबाट डिभिजन कार्यालयले अधिकांश जलविद्युत् आयोजनाको नहर मर्मत गरेको इञ्जिनीयर शङ्कर बुढाथोकीले जानकारी दिनुभयो।

गत वर्ष ढोरपाटन नगरपालिकास्थित भुजीखोलामा आएको बाढीले एकै खोलाका ६ वटा आयोजना बगाएको थियो। वडा नं ५, ६, ७, ८ र ९ का लघुजलविद्युत् आयोजना भुजीखोलाको बाढीपहिराले बगाएपछि अधिकांश बासिन्दा बिजुली बाल्नबाट वञ्चित थिए । डिभिजनमार्फत संरचना बनेपछि अहिले नहर सञ्चालनमा आएका छन्। बगेकामध्ये सैखोला लघुजलविद्युत् आयोजना रु दुई लाखको लागतमा मर्मत भएको हो । वडा नं ६ को गाडीखोला लघुजलविद्युत् आयोजनाको नहर रु तीन लाखमा र वडा नं ७ को भुजीखोला लघुजलविद्युत् आयोजना आठ लाख ५० हजारमा मर्मत भएको हो। संरचना निर्माणमा बजेट खर्च भएको हो भने अन्य काम उपभोक्ताले श्रमदान गरेर बनाएका हुन्। स्थानीय पालिकाले ती आयोजना मर्मतमा लगानी गरेका थिए । "सबैतिरबाट बजेट परिचालन गरेर विद्युत् सञ्चालन गर्न सकियो", ढोरपाटन नगरपालिका-५ का अध्यक्ष लक्ष्मण पुनले भन्नुभयो,"कतै अस्थायी, कतै स्थायी संचरना बनाएर बिजुली बालिएको छ।"

बडीगाड गाउँपालिका-८ को चाँचलघाट जलविद्युत् आयोजनाका लागि रु ११ लाख, जैमिनी नगरपालिकाको ठेउले खोलास्थित वडा नं ८ मा दुई लाख, वडा नं ९ र ४ मा चार/चार लाख, वडा नं १ मा दुई लाख खर्चेर आयोजना मर्मत गरिएको हो । गलकोटको घोम्टेखोलामा रु सात लाख, तल्लो साउने खोलामा रु आठ लाख खर्चेर बिजुली बालिएको छ । तमानखोलामा पनि बाढीले लघुजलविद्युत् अयोजनामा क्षति पुगेको थियो । तीमध्ये तल्लो तमानखोला लघुजलविद्युत्मा १३ लाख खर्च भएको गाउँपालिकाका अध्यक्ष जोकलाल बुढाले बताउनुभयो । निसीखोलातर्फ क्षति भएकामध्ये निसीखोला दोस्रो लघुजलविद्युत् आयोजनामा रु सात लाख ५० हजार र तेस्रोमा आठ लाख ५० हजार र वायखोलामा रहेको नहर पाँच लाखमा मर्मत भएको हो।

त्यस्तै जैमिनीको सुम्साघाट सिँचाइ आयोजना पनि डिभिजनले निर्माण गरेको छ। उक्त आयोजनामा रु ३० लाख खर्चेर नहर चलाइएको डिभिजन कार्यालयका प्रमुख सुरेन्द्र पौडेलले बताउनुभयो । डिभिजनले सिँचाइ कुलो निर्माण तर्फपनि लगानी गरेको छ। तर ती आयोजनामा भने ४० प्रतिशत मात्रै प्रगति भएको बताइएको छ । कोरोना कहर, निषेधाज्ञा र हचुवाको भरमा आएका कतिपय योजना कार्यान्वयन कठिनाइ भएकोले प्रगति गर्न नसकिएको पौडेलले बताउनुभयो।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. ६ र ७ को सिमानामा पर्ने बुलौदी भत्मारा सडक निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः बुलौदी भत्मारा सडक निर्माण**
**स्थानः वडा नं. ६ र ७ को सिमाना**
**योजना सम्झौता मिति : २०७८/०१/०८ गते**
**योजना सम्पन्न गर्ने मिति : २०७८/०३/१४ गते**
**योजनाको कुल लागत : रु.३५,७२,९१६।-**
**महानगरपालिकाबाट प्राप्त रकम : रु.२४,८२,५००।-**
**उपभोक्तावाट : रु.७,३०,०००।- श्रमदानः रु ३,६०,४१६।-**

**उपभोक्ता समिति अध्यक्षः**
**गोपाल प्रसाद बराल**
**जम्मा सदस्य संख्याः ९, महिला सदस्यः ३, पुरुष सदस्यः ६**

**पोखरा महानगरपालिका वडा नं. ७ सम्पर्कमार्ग बाटो स्टेनिङ वाल उपभोक्ता समिति**


# यस वर्ष साउनमा पनि पशुपतिनाथ मन्दिर नखुल्ने

**रासस**
**काठमाडौं, २१ असार**

यस वर्षको साउन महिनामा पशुपतिनाथ मन्दिर भक्तजनका लागि खुला गर्न सकिने अवस्था नदेखिएको पशुपति क्षेत्र विकास कोषले जनाएको छ।

नयाँ भेरियन्टसहितको कोरोना महामारी तीव्र रुपमा बढ्न थालेपछि वैशाख पहिलो सातादेखि कोषले पशुपतिनाथ मन्दिरमा दर्शन गर्न रोक लगाएको थियो । वैशाख १६ गतेदेखि सरकारले कोरोनाबाट बच्न निषेधाज्ञा नै जारी गरेको थियो । असार दोस्रो सातादेखि अन्य क्षेत्र विस्तारै खुल्न थाले पनि बढी भीड हुने भन्दै धार्मिक क्षेत्र खोलिएको छैन । मन्दिर क्षेत्रमा मुख्य ढोकामा ताला लगाइएको छ।

कोषका सदस्य सचिव डा प्रदीप ढकाले धेरै भीड बढ्ने भएकाले साउनमा पशुपतिनाथ मन्दिर खोल्न सकिने अवस्था नदेखिएको बताउनुभयो। साउन भगवान् शिवको प्रिय महिना मानिन्छ । साउनमा देशका विभिन्न भागका साथै भारतलगायत देशबाट पनि भक्तजन पशुपतिनाथ मन्दिरमा दर्शका लागि आउने गर्छन् । गत वर्ष पनि साउन महिनामा कोरोनाका कारण वर्षभर मन्दिर खुल्न सकेको थिएन। गत वर्ष साउनमा भक्तजनले पशुपति क्षेत्रमा आएर बाहिरबाटै पशुपतिनाथको दर्शन गरेका थिए। बाहिरबाट दर्शन गर्नसमेत भक्तजनको भीड लागेको थियो । विसं २०७६ चैत पहिलो सातादेखि मङ्सिर मसान्तसम्म पशुपतिनाथ मन्दिर भक्तजनका लागि पूर्णरुपमा बन्द गरिएको थियो । गत पुस १ गतेदेखि बिहान छ बजेदेखि मध्यान्नसम्म खुला गरिएको थियो । महाशिवरात्रिदेखि भने पशुपतिनाथ मन्दिर साविकअनुसार नै खोल्न थालिएको थियो।

# अधिकांश ग्रामीण सडक अवरुद्ध

**पोखरापत्र संवाददाता**
**दमौली, २१ असार**

गत मङ्गलबारदेखि परेको वर्षाका कारण तनहुँका अधिकांश स्थानीय तहका ग्रामीण सडक अवरुद्ध भएका छन् । पृथ्वीराजमार्गस्थित मुख्य सडक पुनःसञ्चालन भए पनि ग्रामीण भेगका सडक सञ्चालन हुन सकेका छैनन्।

सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालका अनुसार पहिराले अवरुद्ध भएका ग्रामीण सडक पुनःसञ्चालन गराउन प्रयास भइरहेको छ। बाढीपहिराले कतिपय ठाउँमा सडक भासिएको छ । त्यस्ता ठाउँमा सडक वारपार गर्न समस्या भएको छ। कतिपय ठाउँमा भने पैदलयात्रीसमेत हिँड्न नमिल्ने गरी पहिरो खसेको छ। शुक्लागण्डकी नगरपालिकाले ग्रामीण भेगका अवरुद्ध सडक खुलाउन शुरु गरेको छ । तनहुँ र स्याङ्जा जोड्ने ढोरबाराही मोटरमार्गको पहिरो हटाएर सडक सञ्चालन गरिएको प्रमुख प्रशासकीय अधिकृत गङ्गालाल सुवेदीले जानकारी दिनुभयो । "मान्द्रेदेखि छाब्दीखण्डमा पहिराको जोखिम कायमै छ, त्यहाँ सडकको ट्र्याक नै नरहने गरी क्षति पुगेको छ", उहाँले भन्नुभयो।

शुक्लागण्डकीअन्तर्गत दुलेगौँडा-हर्कपुर, लालध्वज, दुलेगौँडा फिरफिरे, ढोरबाराही लगायतका मुख्य मार्गमा पहिराले क्षति पुगेको छ। ग्रामीण भेगका सडक खुलाउन समस्या परेको सुवेदीले बताउनुभयो । घिरिङ गाउँपालिकाका ग्रामीण सडक पनि पहिराले अवरुद्ध छन् । पहिरो हटाएर मुख्य मुख्य सडक सञ्चालन गर्न शुरु गरिएको गाउँपालिकाका अध्यक्ष रनबहादुर रानाले जानकारी दिनुभयो। "वर्षा रोकिएको छैन, अहिले हटायो फेरि पहिरो खस्छ", उहाँले भन्नुभयो, "तत्काल आवश्यक सडकको मात्र पहिरो हटाउन शुरु गरेका छौ ।" बन्दीपुर गाउँपालिकाका पनि ग्रामीण सडक अवरुद्ध छन्। मुख्य सडक डुम्रे-बन्दीपुरको आंशिक खण्ड सञ्चालनमा आए पनि ग्रामीण सडक खुलाउन केही समय लाग्ने उपाध्यक्ष करुणा गुरुङले बताउनुभयो । उहाँका अनुसार यहाँका मुख्य डुम्रे-बन्दीपुर, बन्दीपुर-ढाँडखोला, बन्दीपुर-धरमपानीलगायतकासडक अवरुद्ध छन्।

जिल्लाका दश वटै पालिका बाढीपहिरोबाट प्रभावित छन्। सबै पालिकामा ग्रामीण सडक अवरुद्ध हुँदा सर्वसाधरण मारमा परेका छन्। बाढीले व्यास नगरपालिका-१ र १३ जोड्ने छाब्दीखोलास्थित पुल भत्किएपछि दक्षिणी भेगसम्मको पहुँच टुटेको छ । बुद्धसिं मार्गअन्तर्गत निर्मित पुल भत्किएपछि किसानले उत्पादन गरेका कृषि उपज दमौली ल्याएर बिक्री गर्न सास्ती भएको छ।

ग्रामीण भेगमा दैनिक उपभोग्य वस्तु ढुवानी हुन सकेको छैन। यही पुल हुँदै व्यास-१३ को बेलवास, पोखरीभञ्ज्याङ, व्यास-१४ को केशवटार, सुढे, ऋषिङको हुस्लाङ, गुम्लेक, देवघाट, आँबुखैरेनी, बन्दीपुर लगायतका ग्रामीण भेगका बासिन्दा आवतजावत गर्दथे।